बुढीगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुढीगंगा पालिका अस्पताल
बुढीगंगा-०३, मोरङ
कोशी प्रदेश ,नेपाल

पत्र संख्या :२०८३/०८४

चलानी नम्बर: १६३

मिति-२०८३/०७/२० गते

विषय- बोलपत्र स्वीकृत गर्ने आशयको सूचना (Letter of Intent)
(प्रथम पटक प्रकाशित मितिः २०८३/०७/२०)

यस अस्पतालको आर्थिक वर्ष २०८३/०८४ मा आवश्यक औषधि तथा औषधिजन्य सामग्रीहरू खरिद गर्न मिति २०८३/०६/०१ गते प्रकाशित ३० दिने राष्ट्रियस्तरको खुला बोलपत्र (सूचना नं. BPH/INSMEDS/01/2083-84, NCB - Hard Copy) आह्वान गरिएकोमा पर्न आएका बोलपत्रहरूको मूल्यांकन गर्दा निम्न बमोजिमका बोलपत्रदाताहरूको बोलपत्र सारभूत रूपमा प्रभावग्राही (Substantially Responsive) आईटम-वाइज (Item-wise) मूल्यांकनका आधारमा **सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २५ को उपदफा ५(क)** अनुसार बोलपत्रदाताहरुले कबुल गरेको बोल अंकको औसत अंक यकिन गरी सो औसत अंकसंग सबैभन्दा नजिक भएको र लागत अनुमान भन्दा सारभूतरुपमा बढी नभएको बोलपत्रको स्वीकृत गरिएकोले **सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा (२) र (३)** को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो **बोलपत्र स्वीकृत गर्ने आशयको सूचना** प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले कार्यालय खुलेको ७ (सात) दिनभित्र (अर्थात मिति २०८३/०८/०४ गते शुक्रबार दिनको ४:०० बजेसम्म) सम्बन्धित बोलपत्रदाताहरूले यस अस्पतालमा सम्पर्क राख्नुहुन अनुरोध छ।

स्वीकृत बोलपत्रहरूको विवरणः

क्र.सं.	बोलपत्र/काम को विवरण	बोलपत्रदाताको नाम र विवरण	स्वीकृत आईटम संख्या	स्वीकृत कबोल रकम (रु.)	आवश्यक कार्यसम्पादन जमानत (Performance Security) रकम (रु.)
१	BPH/INSMEDS/ 01/2083-84	श्री SURGIMED DISTRIBUTORS PVT. LTD. (दर्ता नं. १७५)	१६१ आईटम	१९,३०,३०४.६०/-	रु. ९६,५१५.२३ *(अक्षरेपी: छ्यानब्बे हजार पाँच सय पन्ध्र रुपैयाँ तेइस पैसा मात्र)*
२	BPH/INSMEDS/ 01/2083-84	श्री DALIMA MEDISALES (दर्ता नं. १७६)	१२१ आईटम	५३,५३,६३१.४०/-	रु. २,६७,६८१.५७ *(अक्षरेपी: दुई लाख सत्सट्ठी हजार छ सय एकासी रुपैयाँ सत्ताउन पैसा मात्र)*
३	BPH/INSMEDS/ 01/2083-84	श्री NEW SANGITA MEDICAL HALL (दर्ता नं. १८०)	११५ आईटम	२४,२२,६८३.५०/-	रु. १,२१,१३४.१८ *(अक्षरेपी: एक लाख एक्काइस हजार एक सय चौंतीस रुपैयाँ अठार पैसा मात्र)*
४	BPH/INSMEDS/ 01/2083-84	श्री RUPSHA MEDISALES PVT. LTD. (दर्ता नं. १७८)	४२ आईटम	१२,१८,८४८.००/-	रु. ६०,९४२.४० *(अक्षरेपी: साठी हजार नौ सय बयालीस रुपैयाँ चालीस पैसा मात्र)*

सम्पर्क नं. ०२१-५९१२७९ मो.नं.+९७७-९७६७७८४९८८
Email:-budhigangapalikaaspatal@gmail.com , website:- bpa.budhigangamun.gov.np
Facebook:-https://www.facebook.com/budhigangapalikahospital

CamScanner

बुढीगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुढीगंगा पालिका अस्पताल
बुढीगंगा-०३, मोरङ
कोशी प्रदेश ,नेपाल

पत्र संख्या :२०८३/०८४

चलानी नम्बर:

मिति-२०८३/०७/२० गते

५	BPH/INSMEDS/ 01/2083-84	श्री SEJAL SHAISHAB PHARMA (दर्ता नं. १७९)	५ आईटम	१,४०,५००.००/-	रु. ७,०२५.०० *(अक्षरेपी: सात हजार पच्चिस रुपैयाँ मात्र)*

नोट (सर्त तथा जानकारीहरू):

१. यो सूचना प्रकाशित भएको मितिले कार्यालय खुलेको ३ (तिन) दिनभित्र (अर्थात् मिति २०८३/०७/३० गते दिनको ४:०० बजेसम्म) कुनै आपूर्तिकर्ता/फर्मलाई यो निर्णयप्रति चित्त नबुझेमा वा कुनै दाबी विरोध भएमा प्रमाणसहित खरिद ऐन नियमानुसार अस्पताल समक्ष लिखित निवेदन पेस गर्नुहुन सूचित गरिन्छ । तोकिएको समयपश्चात् प्राप्त हुने कुनै पनि दाबी विरोध वा उजुरीउपर कारबाही गरिने छैन ।

२. **सम्झौता सम्बन्धी प्रक्रिया:** सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम यो आशयको सूचनाको म्याद समाप्त भई **सम्झौताका लागि पत्र प्राप्त भएको मितिले कार्यालय खुलेको ७ (सात) दिन भित्र (अर्थात् मिति २०८३/०८/०४ गते दिउसो ४:०० बजेसम्म)** माथि उल्लेखित कार्यसम्पादन जमानत (Performance Bond) बापतको रकम बुढीगंगा पालिका अस्पतालको नाममा जारी भएको न्यूनतम १ वर्ष (१२ महिना) अवधिको सक्कल बैंक ग्यारेन्टी पत्र वा बैंकको नगद भौचर लिई सम्झौताका लागि यस अस्पतालमा उपस्थित हुनुहुन अनुरोध गरिन्छ। तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा कानुन बमोजिम भइजाने (जमानत जफत तथा अन्य कारबाही) व्यहोरा समेत जानकारी गराइन्छ ।

३. **बाँकी औषधिहरूको खरिद प्रक्रिया सम्बन्धी विशेष सूचना:** यस अस्पतालमा पर्न आएका बोलपत्रहरूको प्राविधिक तथा आर्थिक मूल्यांकन गर्दा बाँकी **३७७ किसिमका औषधिहरू** (जसको अनुमानित कुल रकम रु. ३१,३५,४५५.४० - *अक्षरेपी: एकतीस लाख पैंतीस हजार चार सय पचपन्न रुपैयाँ चालिस पैसा मात्र*) पाँच वटै बोलपत्रदाताहरूबाट प्रस्ताव हुन नआएको हुनाले, ती आईटमहरूमा बोलपत्रदाताहरूलाई समावेश गर्न नसकिएको (स्वीकृत नगरिएको) व्यहोरा जानकारी गराइन्छ । उक्त बाँकी आईटमहरूको हकमा यो आशय पत्रको अवधि पश्चात स्वास्थ्य बीमा बोर्डको दररेट (Insurance Rate) सँग तुलनात्मक अध्ययन गरी खरिद तथा मूल्यांकन उप-समितिको निर्णयानुसार पुनः छुट्टै सूचना प्रकाशन गरी प्रक्रिया अगाडि बढाइनेछ ।

.....
डा. सुरज थापा मगर
मेडिकल सुपरिटेन्डेन्ट (मे.सु.)
बुढीगंगा पालिका अस्पताल

डा. सुरज थापा मगर
मेडिकल सुपरिटेन्डेन्ट
बुढीगंगा पालिका अस्पताल

सम्पर्क नं. ०२१-५९१२७९ मो.नं.+९७७-९७६७७८४९८८
Email:-budhigangapalikaaspatal@gmail.com , website:- bpa.budhigangamun.gov.np
Facebook:-https://www.facebook.com/budhigangapalikahospital

CamScanner